# पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा

## पोखरा-१०, रामघाट

# त्रैमासिक बुलेटिन

बर्ष ३, अंक ९

## पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा : एक परिचय

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा सन् २००० मा स्थापना भएको एक गैरनाफामुखी गैरसरकारी संस्था हो । यस संस्था जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत दर्ता भई समाज कल्याण परिषद्, काठमाण्डौंमा पनि आवद्ध छ । हाल संस्थाको मुख्य कार्यालय पोखरा महानगरपालिका वडा नं. १०, रामघाटमा रहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग साझेदारी गरि गरीब तथा सीमान्तकृत समुदायको जीवनस्तरलाई माथी उकास्न सहयोग गर्ने उद्देश्यका साथ यस संस्थाको स्थापना भएको हो । संस्थाले हाल जीविकोपार्जनका लागि गरिने पशुपालनसंग सम्बन्धित रहेर लक्षित वर्गको हितको लागि काम गरिरहेको छ ।

संस्थाको मुख्य कार्यक्रमको रुपमा पशुपालन सम्बन्धि विभिन्न तालिमहरु रहेका छन् । त्यसका अतिरिक्त अश्व प्रजातिका पशुहरु (घोडा, खच्चड र गधा) को कल्याणकारी परियोजना पनि यस संस्थाले संचालन गरिरहेको छ ।

### यस अंक भित्र :


| | |
|---|---|
| अश्वपालक महिला समूह सदस्यहरुलाई पशुको उचित हेरचाह तथा व्यवस्थापन सम्बन्धि तालिम | २ |
| स्थानीय पशु स्वास्थ्य सेवा प्रदायक सँग समीक्षात्मक बैठक सम्पन्न | २ |
| अश्वपालक तथा हेरालुहरुलाई पशुस्वास्थ्य, पोषण तथा वातावरण व्यवस्थापन सम्बन्धी एक दिने तालिम | २ |
| घाईते घोंडाको उद्धार | ३ |
| अश्वकल्याण महिला समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न | ३ |
| अश्वपालक किसानका बालबालिकालाई कोभिड-१९ महामारीबाट बच्ने उपाय बारे सचेतना | ४ |
| अश्वपालक समुदायका अगुवा तथा पशु प्राबिधिकहरुसंग छलफल कार्यक्रम सम्पन्न | ४ |


BROOKE
ACTION FOR WORKING HORSES AND DONKEYS

## आर्वा स्रोत केन्द्रबारे जानकारी

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा पोखरा महानगरपालिका वडा नं. १३ मा पर्यावरण मैत्री, व्यवहारीक तालिम केन्द्रका रुपमा “आर्वा स्रोत केन्द्र” स्थापना गरेको छ । करिब ४४ रोपनी क्षेत्रफलमा फैलिएको यस केन्द्रको स्थापना शान्त तथा स्वस्थकर वातावरणमा तालिम संचालन गर्ने उद्देश्यले गरिएको हो । यो तालिम केन्द्र पोखराबाट पूर्व-उत्तर दिशामा लगभग ७ किलोमिटरको दुरीमा अवस्थित छ । यस केन्द्रमा एकपटकमा ३० जना व्यक्तिलाई खान बस्नको लागि उचित व्यवस्था छ । साथै यस केन्द्र फरक क्षमता, अपाङ्गता भएका व्यक्ति मैत्री रहेको छ । यो तालिम केन्द्र अन्य संघसंस्थालाई तालिम तथा सभा संचालनका लागि भाडामा दिन मिल्ने व्यवस्था पनि छ । यस केन्द्रमा आवतजावतका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पूर्वपट्टिको गेटबाट कसेरी सम्म चल्ने सार्वजनिक बस समेत प्रयोग गर्न सकिन्छ । कसेरीबाट केन्द्रसम्म पुग्नको लागि मोटरबाटो पनि रहेको छ साथै १५ मिनेटको पैदल यात्रा पछि यस केन्द्रमा पुग्न सकिन्छ ।





“परिवर्तनको लागि सहयोग”

## अश्वपालक महिला समूह सदस्यहरुलाई पशुको उचित हेरचाह तथा व्यवस्थापन सम्बन्धि तालिम

बाँकेको माईगाउँ र बर्दियाको गुलरिया स्थित टाँगा स्टेशनमा अवस्थित महिला समुहका सदस्यहरुलाई कामकाजी पशुको उचित हेरचाह र व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न गरिएको छ । प्रायः कामकाजी घोंडा खच्चरको नियमित हेरचाह र व्यवस्थापनमा महिला सहभागीता अपेक्षित रुपमा धेरै हुने भएकाले उक्त तालिम स्थानीय अश्वपालक महिला समूहलाई लक्षित गरि प्रदान गरिएको थियो । तालिम विशेष गरि बर्षायाममा पशुहरुको कसरी उचित व्यवस्थापन गर्ने, उनीहरुको आहारामा कसरी सुधार ल्याउने, गोठको व्यवस्थापन कसरी सुदृढ गर्ने, पशुलाई आन्तरिक तथा बाह्य परजीविबाट कसरी जोगाउने साथै आफ्नो पशुलाई सुकेनास हुन बाट कसरी बचाउने भन्ने बिषयमा केन्द्रित थियो । अश्वपालक किसान बर्गहरुमा विद्यमान पशुपालन सम्बन्धि ज्ञानको कमीलाई सूचना, जानकारी र तालिमको माध्यमबाट परिपूर्ति गर्ने उद्देश्यका साथ उक्त तालिमको आयोजना गरिएको थियो । उक्त तालिममा किसानहरुलाई बुझ्न सहज बनाउने उद्देश्यले बिभिन्न हाते पुस्तक, पोस्टर, ब्यानर हरुको प्रयोग गरि प्रशिक्षण गरिएको थियो । तालिममा छुट्टा छुट्टै दुई समूहमा गरि जम्मा ३२ जनाको सहभागीता रहेको थियो ।



## स्थानीय पशु स्वास्थ्य सेवा प्रदायक सँग समीक्षात्मक बैठक सम्पन्न

दाङको घोराहीमा अश्व प्रजातिका पशुहरुमा स्वास्थ्य तथा उपचार सेवा प्रदान गर्दै आईरहेका ७ जना स्थानीय पशुस्वास्थ्य सेवा प्रदायकहरुसँग १ दिने समीक्षात्मक बैठक सम्पन्न गरिएको छ । अश्व प्रजातिका पशुहरुलाई सहज तथा सुलभ स्वास्थ्य सेवा प्रदान गर्नका निमित्त पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा उक्त बैठक त्रैमासिक रुपमा सम्पन्न गर्ने गरिएको छ । उक्त बैठकमा उपचार सेवामा देखिएका कमी कमजोरी एवं भोग्नुपरेका विभिन्न समस्या तथा सफलताको बिषयमा छलफल गरिएको थियो । साथै पशुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका निमित्त पशुसेवा प्रदायकहरुले सेवाको पहुँच पुऱ्याउन खेल्नुपर्ने भुमिका र सेवा प्रदायकको क्षमता अभिवृद्धि बारे छलफल गरिएको थियो ।

## अश्वपालक तथा हेरालुहरुलाई पशुस्वास्थ्य, पोषण तथा वातावरण व्यवस्थापन सम्बन्धी एक दिने तालिम

बाँके जिल्लाको हिरमिनिया र माइगाऊँ समुदायमा त्यहाँका स्थानीय घोडा खच्चड पालक र चालक लाई लक्षित गरि पशुस्वास्थ्य, पोषण एवं वातावरण व्यवस्थापन सम्बन्धि दुई ओटा छुट्टा छुट्टै तालिम सम्पन्न गरिएको थियो । पशुको शारीरिक तथा मानसिक स्थिति बलियो बनाउन आहार र वातावरणको भूमिका महत्वपूर्ण हुने हुँदा किसानलाई यस सम्बन्धि आवश्यक जानकारी प्रदान गरिएको थियो । पशुलाई स्वस्थ राख्नको निमित्त उनिहरुलाई पीडा हुने गरि अधिक भारी नबोकाउने, शारीरिक यातना नदिने, तालिम प्राप्त व्यक्तिबाट नाल लगाउने, अश्वप्रजातिको पेटको आकार शरीरको तुलनामा ज्यादै सानो हुने हुँदा एकै पटक धेरै घाँस दानापानी दिने भन्दापनि थोरै थोरै गरेर पटक पटक दिने, नियमित सन्तुलित आहार प्रदान गर्ने, उनिहरुलाई प्राकृतिक व्यवहार देखाउन दिने, अधिक घाम र पानीबाट बचाउन राम्रो भेन्टीलेसन भएको गोठको निर्माण गर्ने लगायतका अति महत्वपूर्ण विषयहरुमा जानकारी तथा सूचना प्रदान गरिएको थियो । साथै पशुकल्याणका लागि उनीहरुले अपनाउँदै आएका केही गलत अभ्यासहरुलाई सुधार गर्न पनि सल्लाहसुझाव प्रदान गरिएको थियो । उक्त तालिममा दुई समुदाय गरि जम्मा २८ जना अश्वपालक किसानहरुको उपस्थिती रहेको थियो।





**“परिवर्तनको लागि सहयोग”**

## घाईते घोंडाको उद्धार





बाँकेको नेपालगञ्ज स्थित सूर्खेत रोडमा रहेको इन्द्रेणी होटल नजिकै मिति २०७७/०६/१२ गतेका दिन वेवारिसे अवस्थामा छट्पटाई रहेको घाइते घोंडालाई उद्धार गरिएको थियो । उक्त वेवारिसे घोंडालाई विहान करिव ५ बजेतिर को समयमा गाडीले ठक्कर दिएर घाइते बनाएको र घोंडाको धनीको बारेमा भने कुनै जानकारी नरहेको स्थानीयबासीले जानकारी दिएका थिए । नेपालगञ्ज उपमहानगरपालिकाका मेयरले विहान मर्निङ्ग वाक गर्ने क्रममा उक्त छट्पटाई रहेको घोडालाई देखेपछि तुरुन्त मातहतको पशुसेवा शाखाका कर्मचारीलाई जानकारी गराउनुभएको थियो । पशुसेवा शाखाबाट सहयोगको लागि पशुस्वास्थ्य तालिम तथा परामर्श सेवालाई जानकारी भए लगत्तै संस्थाको तर्फबाट पशुप्राविधिक र पशुसेवा शाखाका पशुप्राविधिकको संयुक्त टोली तत्काल घटनास्थल पुगी घोंडाको स्वास्थ्य स्थिति जाँच गरिएको थियो । बाहिरी चोट तथा अंगभंग नदेखिएपनि भित्रि चोट भने गम्भीर प्रकृतिको देखिएको थियो र जसका कारण घाईते घोडा छट्पटाइरहेको थियो । त्यसपछि सोही स्थानमै प्राथमिक उपचार गरेर नगरपालिकाको जे.सि.वि. गाडीको सहयोगमा उक्त घोंडालाई निरन्तर उपचार गर्नको लागि सुरक्षित स्थान नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २१ स्थित "काञ्जी हाउस" मा स्थानान्तरण गरिएको थियो । निरन्तर उपचार पश्चात् उक्त घोंडा निको भई पहिलाकै जस्तो सामान्य अवस्थामा फर्किसकेको छ ।





पशुकल्याण सम्बन्धि विद्यमान कानुनी व्यवस्थाहरुलाई कडाईका साथ लागु गर्न सकिएमा, पशुधनीहरु स्वयंलाई जिम्मेवार बनाउन सकेमा र यी अदृष्य कामकाजी पशुहरुको उचित व्यवस्थापन गर्न सकेमा र समाजमा पशुप्रति प्रति पनि प्रेम, स्नेह र माया जगाउन सकिएमा पशुहरुप्रति हुने बर्बर हिंसा र दुर्घटना न्यूनीकरणमा ठूलो टेवा पुग्ने थियो । त्यसैले यस बिषयमा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरु उत्तिकै जिम्मेवार बन्नु अति आवश्यक भईसकेको छ ।

## अश्वकल्याण महिला समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न

हाम्रो देशमा पशुहरुको हेरचाहमा प्रायः महिलाहरु ज्यादा संलग्न हुने हुँदा उनीहरुलाई यससम्बन्धि बढी ज्ञान, सीप र चेतना प्रदान गर्न सके पशु स्वास्थ्य र पशुकल्याणमा अपेक्षाकृत सफलता हात हासिल गर्न सकिन्छ । यसै कुरालाइ मध्यनजर गर्दै पशुस्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा बाँके जिल्लाको माइगाँऊ र बर्दियाको टाँगा स्ट्यान्ड स्थित अश्वकल्याण महिला समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । महिलाहरु घरभित्रको कामकाजमा मात्र सिमित नभई समाजिक रुपान्तरण तथा पशुकल्याणमा पनि सराकात्मक भूमिका निर्वाह गर्न प्रेरणा मिलोस् भन्ने उद्देश्यले निर्माण गरिएको उक्त महिला समूहसंग उनीहरुले भोग्नुपरेको समस्या र प्राप्त सफलता बारेमा छलफल गरिएको थियो । साथै उक्त छलफलमा कोभिड १९ बाट कस बच्ने र यसका लक्षणको बारेमा समेत जानकारी दिइएको थियो । कोरोना भाईरस महामारीको बिषम परिस्थितीमा पशु बिरामी भए आफ्ना नजिकका पशुप्रबिधिक सँग कसरी सम्पर्क र समन्वय गर्ने भन्ने बिषयमा समेत छलफल गरिएको थियो । यस कार्यक्रममा ३२ जना महिला अश्व कल्याण समूहको सदस्यहरुको सहभागिता रहेको थियो ।





## अश्वपालक किसानका बालबालिकालाई कोभिड-१९ महामारीबाट बच्ने उपाय बारे सचेतना



कोभिड १९ विश्वव्यापी महामारीको रुपमा फैलिएपछि यसबाट विश्वनै आक्रान्त भईरहेको र यसले हरेक क्षेत्रमा गहिरो प्रभाब पारिरहेको छ । नेपालमा बिद्यालय क्षेत्रपनि लामो समयदेखि यस महामारीको चपेटामा परिरहेको छ । एकातिर कैयौं बालबालिकाहरु बिद्यालय गएर पठनपाठनमा सहभागी हुन पाईरहेको स्थिती छैन भने अर्को तर्फ यस महामारीले बालबालिकाहरुमा भयको बिजारोपण गर्नुका साथै गहिरो मनोबैज्ञानिक असर परिरहेको छ । यस्तो परिस्थितीमा उनिहरुलाइ मनोबैज्ञानिक परामर्शको अत्यन्तै जरुरी छ ।



यस परिस्थितीलाई मध्यनजर गर्दै दाङ स्थित घोराही ६ चोरगाउँमा पशुस्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा उक्त समुदायमा रहेका अश्वपालक किसानका बालबालिकालाई कोभिड १९ को बारेमा सचेतना प्रदान गरिएको थियो । उनीहरुलाइ कोरोनाभाइरसको लक्षण र यसबाट बच्न हामीले हाम्रो दैनिक जीवनमा के कस्ता उपायहरु अपनाउने जस्ता कुराहरु उनीहरुले बुझ्ने गरी सरल भाषामा जानकारी गराइएको थियो । साथै उनीहरुलाइ व्यक्तिगत सरसफाईमा कसरी ध्यान दिने, हात धुने तरीका, मास्क लगाउने तरीका तथा बिद्यालय बन्द भएपनि घरमै बसेर नयाँ नयाँ कुराहरुको बारेमा खोजी गर्ने, नियमित पढ्ने बानि बसाल्ने, दैनिक जीवनमा शिक्षाको आवश्यकता लगायतका विषयमा शुसुचित तथा उत्प्रेरित गरिएको थियो ।

उक्त कार्यक्रममा बालबिकास देखि कक्षा ८ सम्म अध्ययन गर्ने बालबालिका गरी जम्मा १७ जनाको सहभागीता रहेको थियो ।

## अश्वपालक समुदायका अगुवा तथा पशु प्राबिधिकहरुसंग छलफल कार्यक्रम सम्पन्न

अश्व प्रजातिका पशुहरुको कल्याणमा टेवा पुग्ने दृष्टिले दाङका अश्वपालक समुदायका ६ जना र बाँकेका १६ जना गरि जम्मा २२ जना अगुवाको उपस्थितीमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ । अश्वपालकहरु मध्येबाट नेतृत्व गर्न सक्ने साथै अश्वपालन र व्यवस्थापन सम्बन्धि सूचना र जानकारी समुदायका अन्य अश्वपालकहरु सम्म उचित तरीकाले सम्प्रेषण गर्न सक्ने पशुधनी बाटै छनौट गरी उक्त बैठक हरेक ३/३ महिनामा पशुस्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा आयोजना गर्ने गरिएको छ । बैठकमा जिल्लास्तरीय अश्वकल्याण समिति गठन गर्ने, अन्य पशुहरुजस्तै अश्वप्रजातिका पशुहरुको पनि वीमा गर्ने र अश्वकल्याणका क्षेत्रमा गरिएका कामहरुको विषयमा छलफल गरिएको थियो ।

त्यसैगरि नेपाल सरकारले महामारीको बेला जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्दै बाँकेमा ९ जना स्थानीय पशुप्राविधिकको उपस्थितिमा उनीहरुले प्रदान गरेका सेवा र भोग्नुपरेको समस्या र चुनौतीको बारेमा छलफल गरिएको थियो । उनीहरुलाई आँउदो यामका लागि तयारी अवस्थामा बस्न, समुदाय र इट्टाउद्योगमा उपचार सेवालाइ थप प्रभावकारी बनाउन, उद्योगपति र समुदायका अश्वपालक किसानहरुलाई पर्याप्त मात्रामा हरियो घाँस उत्पादन गर्न प्रोत्साहन गर्न खेल्नुपर्ने भूमिकाको बिषयमा समेत छलफल गरिएको थियो ।







**पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा**
प्रधान कार्यालयः पोखरा-१०, रामघाट पोष्ट बक्स नं ४१९ फोन नं : ०६१-५२६४५५, ५३५८०७
ईमेल : info@ahtcs.org.np, वेबसाइट : www.ahtcs.org.np फेसबुक पेज : www.facebook.com/ahtcspokhara